# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०५।२८ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादीहरु विरेन्द्र महरा चमार, राजेश्वर प्रसाद चौरसियासमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटः-

- **प्रतिवादी विरेन्द्र महरा चमारले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ द्वारा परिभाषित कसुरसमेत गरेको देखिँदा निजउपर दस्तुरको बहानामा घुस/रिसवत वापत दिएको रु. ४,००,०००।- र नक्कली तथा गलत कागजातका आधारमा कार्यरत नरहेको विद्यालयमा कार्यरत रहेको देखाई तलव भत्ता निकासा गराई हानि नोक्सानी गरेको रु.१,८५,३६०।- समेत गरी बिगो रु. ५,८५,३६०।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजाय गरी घुस रिसवत वापत दिएको रकम सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम असूल गरी जफत हुन र हानि नोक्सानी भएको बिगो रकम ऐ. को दफा १७ बमोजिम असुलउपर हुन,
- **प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ द्वारा परिभाषित कसुर समेत गरेको देखिँदा निजउपर विरेन्द्र महरा चमारबाट दस्तुरको बहानामा घुस/रिसवत लिएको रु. ४,००,०००।- र आफैंले नक्कली तथा गलत कागजातहरुका आधारमा विद्यालयमा कामकाजमा लगाएका तथा सिफारिस गरेका हकिम अंसारीलाई तलव भत्ता वापत भुक्तानी दिलाई नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याएको रकम रु. १,८५,३६०।– समेत गरी विगो रु. ५,८५,३६०।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजाय गरी घुस/रिसवत लिएको रकम ऐ. को दफा ३ को उपदफा (१) बमोजिम असूल गरी जफत हुन र हानि नोक्सानी भएको विगो ऐ. ऐनको दफा १७ बमोजिम असुलउपर हुन,
- **प्रतिवादीहरु महेश प्रसाद यादव र हकिम अन्सारीले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा मतियार हुने कार्य कसूर गरेको पुष्टि हुन आएकोले निजहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिम रु.१,८५,३६०।– विगो कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन,

मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

विशेष अदालतको मिति २०८०/०९/२२ को फैसलाबाट निम्न आधारहरू लिई उक्त आरोपमा आंशिक कसूर ठहर भएकोः-

- प्रतिवादी बीरेन्द्र महरा चमारले यस अदालतमा बयान गर्दा आफूले कुनै रकम दिएको र प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले लिएको तथ्य इन्कारी गरेको भएपनि अनुसन्धान अधिकारी समक्ष रकम लेनदेन भएको तथ्य उल्लेख भएकोले अनुसन्धान अधिकारी समक्ष बयानमा लेखाएको रु.२०,०००।- मात्र रिसवतको बिगो कायम गर्न न्यायोचित हुने देखियो।

- प्रतिवादी महेश यादव भन्ने महेश प्रसाद यादवको हकमा कर्मचारीसँगको मिलेमतोमा गलत तथा नक्कली कागजातहरूका आधारमा विभिन्न व्यक्तिहरूलाई शिक्षकको रूपमा तलव भत्तासमेत भुक्तानी दिलाउन राजेश्वर प्रसाद चौरसियाको सहयोगी मतियारको भूमिकामा निर्वाह गरेको भन्ने आरोपमा  निज विद्यालयसँग सम्बन्धित भएको देखिंदैन। तसर्थ आफ्ना हकमा ईन्कारी बयान गर्ने राजेश्वरप्रसाद चौरसियाको अनुसन्धान अधिकारी समक्षको बयान मात्रको आधारमा संलग्नता भएको भन्न मिलेन।
- प्रतिवादी हकीम अन्सारीको विवादित नियुक्ति पत्र र सरुवा पत्र तयार गर्दा भूमिका रहेको भन्ने कुनै कागज प्रमाणबाट देखिंदैन। निजले नै अनुसन्धान अधिकारी समक्ष बयान गर्दा सम्पूर्ण कागजात लिई आई आग्रह गरेको हुँदा सिफारिस गरेको हुँ भनी लेखाएको बाहेक निजको मतियारको रुपमा संलग्नता पुष्टि हुन आउँदैन।

विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०५।२७ मा पुनरावेदन गरिएको छः-

**देहायः**

क) प्रतिवादी विरेन्द्र महरा चमारले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा मैले शिक्षक नियुक्तिको लागि आवेदन नदिएको, छनौट परीक्षामा सहभागी समेत नभइ जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिक्षा शाखाका शिक्षा अधिकृत (विद्यालय निरिक्षक) राजेश्वर प्रसाद चौरसियाले पटक पटक गरी विभिन्न दस्तुरहरुको बहानामा रु. ४,००,०००।- लिएर नियुक्तिपत्र र दरबन्दि सहित सरुवाको पत्र उपलब्ध गराएकोमा सो पत्रले हाजिर हुन जाँदा विद्यालयले हाजिर हुन नदिएपछि राजेश्वर प्रसाद चौरसियासंग आफुले दिएको रकम फिर्ता माग गर्दा निजले आफु कार्यरत नै नरहेको श्री जनसेवा प्राथमिक विद्यालय जगरनाथपुर सिरामा मेरो तलवभत्ता निकासा गरेर आ.व. २०७४/०७५ को तेस्रो चौमासिकमा दोस्रो र तेस्रो चौमासिक गरी रु. १,८५,३६०।- श्री जनसेवा प्रा.वि.बाट दिलाई दिएको हो भनि खुलाईदिएबाट प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रतिवादी विरेन्द्र महरा चमारले अनुसन्धानको बयानमा व्यक्त गरेको कुरालाई प्रमाणमा लिई आरोपदावी बमोजिम प्रतिवादीहरु राजेश्वर प्रसाद चौरासिया र विरेन्द्र महरा चमारले घुस/रिसवत लिएको/दिएको रकम रु.४,००,०००।-(चार लाख ) कायम गरी सजाय गर्नु पर्नेमा अदालतले फैसला गर्दा अनुसन्धान अधिकारी समक्ष बयानमा लेखाएको रु.२०,०००।- नै रिसवतको बिगो कायम गर्न न्यायोचित हुने देखियो भनी फैसला गरेको त्रुटिपूर्ण रहेको।

**ख)** प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले अनुसन्धानको क्रममा बयान गर्दा व्यक्ति र कागजातहरु समेत लिइ आउने र आफुलाई सहयोग वापत रकम उपलव्ध गराउने व्यक्ति श्री ने.रा.मा.वि. सेढ्वा विर्ता पर्साका भु.पु. प्रधानाध्यापक महेश यादव र हकिम अन्सारी हुन् भनि खुलाईदिएकोले निज महेश प्रसाद यादव र हकिम अन्सारी समेतले राजेश्वर प्रसाद चौरसियाबाट नक्कली तथा गलत कागजातहरु उपलव्ध गराई प्रतिवादी विरेन्द्र महरा चमारलाई तलव भत्ता भुक्तानी प्राप्त गर्ने गरी निकासा पठाउन तलव भत्ता निकासा सिफारिस गरी गराई राजेश्वर प्रसाद चौरसियाको सहयोगी मतियारको भूमिका निर्वाह गरेको पुष्टी भै रहेको अवस्थामा प्रमाण ऐन २०३१ को दफा ९ तथा *अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छूट पाउने जिकीर लिएमा सो कुराको प्रमाण पुर्‍याउने भार पनि निज उपर नै हुन्छ* भनी सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तको मुल्याङ्कन नै नगरी प्रतिवादीहरु महेश प्रसाद यादव र हकिम अन्सारीलाई सफाई दिने गरी भएको फैसला त्रुटीपुर्ण रहेको।

प्रवक्ता
नरहरि घिमिरे

<u>**देहायः**</u>

| सि.न | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **प्र. राजेश्वर प्रसाद चौरासिया, विरेन्द्र महरा चमार, महेश प्रसाद यादव र हकिम अन्सारी** (वि.अ. को मु.नं. **०७६-CR-००८९**), वि.अ. को फैसला मिति २०८०।०९।२२) | **घुस रिसवत लिई नक्कली तथा गलत कागजातहरुको आधारमा शिक्षक नियुक्ती गरी तलव भत्ता समेत भुक्तानी दिई नेपाल सरकारलाई हानि नोक्सानी पुर्याई भ्रष्टाचार गरेको** | **प्रतिवादी विरेन्द्र महरा चमारले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ द्वारा परिभाषित कसुर समेत गरेको देखिँदा निज विरेन्द्र महरा चमार उपर दस्तुरको बहानामा राष्ट्रसेवकलाई घुस रिसवत वापत दिएको रकम रु. ४,००,०००।- र नक्कली तथा गलत कागजातहरु लगायत आफु कार्यरत नै नरहेको विद्यालयमा कार्यरत रहेको देखाइ मिलेमतोमा तलव भत्ता निकासा गराई तलव भत्ता वुझिलिइ नेपाल सरकारलाई हानि नोक्सानी पुर्याएको रकम रु. १,८५,३६०।- समेत गरी विगो रु. ५,८५,३६०।-(पाँच लाख पचासी हजार तीन सय साठी) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजायँ गरी घुस रिसवत वापत दिएको रकम रु. ४,००,०००।- सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम असूल गरी जफत हुन र नेपाल सरकारलाई हानि नोक्सानी पुगेको विगो रु.१,८५,३६०।-(एक लाख पचासी हजार तिन सय साठी) ऐ. को दफा १७ बमोजिम असुलउपर हुन मागदावी | **फैसलाः**<br>प्रतिवादीहरू विरेन्द्र महर चमार तथा राजेश्वर प्रसाद चौरासियाको मिलोमतोमा नक्कली कागजात बनाई प्रतिवादी विरेन्द्र महर चमारले शिक्षकको रुपमा तलब भत्ता बापत रु.१,८५,३६०/- भुक्तानी लिई बदनियतपूर्वक नेपाल सरकारको हानि नोक्सानी पुयाएको तथा उक्त कार्य बापत प्रतिवादी विरेन्द्र महर चमार दिने र राजेश्वर प्रसाद चौरासियाले लिने भई रिसवत वापत रु.२०,०००/- लेनदेन गरेको समेत देखिन आएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम प्रतिवादीहरुबाट बिगो वापत जनही रु.९२,६८०/- असुल गरी सोही ऐनको दफा १७ र दफा ३ को उपदफा (१) बमोजिम रिसवत समेतको बिगो बमोजिम जनही जरीवाना रु.१,०२,६८०/- तथा खण्ड (घ) बमोजिम जनही ६ (छ) महिना कैदको सजाय हुने समेत ठहर्छ।अन्य हकमा निजहरुले मतियारको भूमिका निर्वाह गरेको तथ्य सबुत प्रमाणबाट पुष्टि हुन नआएकोले निजहरुका हकमा आरोप दाबी पुग्न नसक्ने एवम् उल्लेख भएदेखि बाहेकका हकमा समेत आरोप दावी पुग्न नसक्ने ठहर्छ भनी मिति २०८०/०९/२२ मा फैसला भएको देखिन्छ।<br>**विशेष अदालत काठमाडौंले फैसला गर्दा निम्न आधार ग्रहण गरेको देखिन्छः**<br>**क.** प्रतिवादी विरेन्द्र महरा चमारले श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय धोरे पर्साको च.नं. ११ मिति २०७३।११।२८ को पत्रले राहत शिक्षक कोटामा भएको नियुक्ति भएको पत्र पेस गरेको भएपनि उक्त विद्यालयले उक्त नियुक्ति पत्र सकल भएको भनी उल्लेख गरेको अवस्था पाईंदैन । वरु उक्त विद्ध्यालयको च.नं. ३० मिति २०७६ । ३।३१ को पत्रबाट सो विद्ध्यालयमा उल्लिखित नाम भएको कुनै शिक्षक नरहेको भनी लेखिएको भन्ने देखिन्छ भने जिल्ला शिक्षा कार्यालय पर्साको च.नं. १८७५ मिति २०७३।११।२९ को अभिलेख कायम गरेको भनिए पनि जिल्ला विकास तथा समन्वय ईकाई पर्साको सक्कल चलानी रजिष्टरबाट च नं १८७५ को पत्र मिति २०७३।११।१७ मा चलानी भएको भन्ने देखिन्छ । सहि गर्ने भनिएका जिल्ला शिक्षा अधिकारी केदार तिवारीले उल्लेखित पत्रहरु जिल्ला शिक्षा | क. प्रतिवादी विरेन्द्र महरा चमारले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा मैले शिक्षक नियुक्तिको लागि आवेदन नदिएको, छनौट परीक्षामा सहभागी समेत नभइ जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिक्षा शाखाका शिक्षा अधिकृत (वि.नि.) राजेश्वर प्रसाद चौरसियाले पटक पटक गरी विभिन्न दस्तुरहरुको बहानामा रु. ४,००,०००।- लिएर श्री ने.रा. आधारभुत विद्यालय धोरे पर्साको नियुक्तिपत्र र श्री शहिद रामेश्वर राम प्राथमिक विद्यालयमा दरवन्दि सहित सरुवाको पत्र उपलव्ध गराएकोमा सो पत्रले श्री शहिद रामेश्वर राम प्रा.वि.मा हाजिर हुन जाँदा विद्यालयले हाजिर हुन नदिएपछि राजेश्वर प्रसाद चौरसियासंग आफुले दिएका रकम फिर्ता माग गर्दा निजले आफु कार्यरत नै नरहेको श्री जनसेवा प्राथमिक विद्यालयजगरनाथपुर सिरामा मेरो तलवभत्ता निकासा गरेर आ.व. २०७४।०७५ को तेस्रो चौमासिकमा दोस्रो र तेस्रो चौमासिक गरी रु. १,८५,३६०।- श्री जनसेवा प्रा.वि.बाट दिलाईदिएको हो भनि खुलाईदिएबाट कुनैपनि परीक्षाहरु नदिइ दस्तुरको बहानामा रु. ४,००,०००।- जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिक्षा शाखाका शिक्षा अधिकृत (वि.नी.) राजेश्वर प्रसाद चौरसियालाई घुस रिसवत दिएको भनी बयान गरेको देखिएबाट प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रतिवादी विरेन्द्र महरा चमारले अनुसन्धानको बयानमा व्यक्त गरेको कुरालाई प्रमाणमा लिई आरोपदावी बमोजिम प्रतिवादीहरु राजेश्वर प्रसाद चौरासिया र विरेन्द्र महरा चमारले घुस/रिसवत लिएको/दिएको रकम रु.४,००,०००।-(चार लाख ) कायम गरी सजाय गर्नु पर्नेमा विशेष अदालतले फैसला गर्दा समेत अनुसन्धान अधिकारी समक्षको बयानमा प्रतिवादी राजैश्वर प्रसाद चौरसिया स्वयंले प्रतिवादी विरेन्द्र महरा चमारले दिएको भनी लेखाएको रु.२०,००० । लाई नै रिसवतको बिगो कायम गर्न न्यायोचित हुने देखियो भनी फैसला गरेको देखिन्छ।विशेष अदालतले घुस/रिसवत बापतको रकमको कम बिगो कायम गर्दा लिएको आधार भनेकै अनुसन्धान अधिकारी समक्ष गरेको बयानलाई नै लिएको देखिएकोमा स्वयम् प्रतिवादी विरेन्द्र महरा चमारले प्रतिवादी राजेश्वर प्रसाद चौरासियालाई पटक पटक गरी मसंगबाट रु. ४,००,०००।- रिसवत लिएको भनी अनुसन्धानको अधिकारी समक्ष गरेको बयानलाई विशेष अदालतले प्रमाणमा नलिई केबल मात्र २०,०००/- घुस/रिसवत बापतको बिगो कायम गरी गरेको फैसला त्रुटीपुर्ण रहेको हुँदा प्रतिवादीहरु राजेश्वर प्रसाद चौरासिया र विरेन्द्र महरा चमारको हकमा घुस/रिसवत बापत लिए/दिएको रकम नगद रु. ४,००,०००।— लाई बिगो कायम गरी आरोपपत्र मागदावी बमोजिम हुन पुनरावेदन गर्ने,<br><br>ख. प्रतिवादी विरेन्द्र महरा चमारले अनुसन्धानको क्रममा बयान गर्दा राजेश्वर प्रसाद चौरसियालाई विभिन्न किसिमका दस्तुरहरुको बहानामा पटक पटक गरी मसंगबाट रु. ४,००,०००।- रिसवत लिएको भनी बयान गरेको अवस्थामा प्रतिवादीहरु विरेन्द्र महरा चमार र राजेश्वर प्रसाद चौरसिया बिच घुस/रिसवत बापत रु. ४,००,०००।— लिए/दिएको पुष्टी हुन्छ। अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छूट पाउने जिकीर लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार पनि निज उपर नै हुन्छ भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादित (ने.का.प २०६७ भाग ५२ अंक ४ निर्णय नं. ८३४०) भएको अवस्थामा प्रतिवादीहरु विरेन्द्र महरा चमार र राजेश्वर प्रसाद चौरसियाले घुस/रिसवत नलिए/नदिएको कुराको प्रमाण पुऱ्याउने भार निजहरुमा निहित हुनेमा निजहरुले घुस/रिसवत नलिएको/नदिएको कुनै प्रमाण पेश गर्न नसकेको देखिदाँ प्रतिवादीहरु विरेन्द्र महरा चमार र राजेश्वर प्रसाद चौरसियालाई घूस/रिसवत लिए/दिएको तर्फको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | लिईएको, **प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ द्वारा परिभाषित कसुर समेत गरेको देखिँदा निज राजेश्वर प्रसाद चौरसिया उपर विरेन्द्र महरा चमारबाट दस्तुरको बहानामा गैरकानूनी लाभ घुस रिसवत लिएको रकम रु. ४,००,०००।- र आफैंले नक्कलि तथा गलत कागजातहरुका आधारमा विद्यालयमा कामकाजमा लगाएका तथा सिफारिस गरेका हकिम अंसारीलाई तलव भत्ता वापत भुक्तानी दिलाई आफ्नो अधिकारको दुरुपयोग गरी नेपाल सरकारलाई हानि नोक्सानी पुर्याएको रकम रु. १,८५,३६०।– समेत गरी विगो रु. ५,८५,३६०।- (पाँच लाख पचासी हजार तीन सय साठी) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजायँ गरी घुस/रिसवत लिएको रकम रू.४,००,०००।- ऐ. को दफा ३ को उपदफा (१) बमोजिम असूल गरी जफत हुन र नेपाल सरकारलाई हानि नोक्सानी पुगेको विगो रू. १,८५,३६०।– (एक लाख पचासी हजार तिस सय साठी ) ऐ. ऐनको दफा १७ बमोजिम | कार्यालयबाट जारी नभएको, अभिलेख कायम गरिएको विषयमा रहेका पत्रहरु समेतमा जिल्ला शिक्षा अधिकारीको नामबाट भएको सहीछाप मैले गरेको होइन भनी यस अदालत समेतमा बकपत्र गरिदिएको देखिन्छ । तर यी प्रतिवादीहरुले उक्त तथ्यको खण्डन गर्न सकेको समेत देखिँदैन । यसबाट प्रतिवादी बीरेन्द्र महरा चमारको उल्लिखित नियुक्ति एवं अभिलेख राखिएको र सरुवा गरिएको पत्र समेत नक्कली भएको तथ्य शंकारहित तवरबाट पुष्टि हुन आयो ।<br>**ख.** प्रतिवादी राजेश्वर प्रसाद चौरसियाको कार्य जिम्मेवारी र हैसियत यो कसूरसँग सम्बन्धित नै नरहेको अवस्था होईन । निजको जिल्ला शिक्षा कार्यालय सम्मको पहुँच, शिक्षकहरुको दारवन्दी र पूर्तिको अभिलेख पारिश्रमिकको सिफारिस गर्दा शिक्षकको नाम सहितको शूची बनाउनु पर्ने कर्तव्य भएकोमा नवनाई गोश्वारा रकमको सिफारिस गरेको अवस्था एवं यो मुद्दा र लगाउमा रहेका समग्र मुद्दाहरुको स्थिति मध्येनजर गर्दा विवादित नक्कली कागजातहरु बनाई प्रतिवादी बीरेन्द्र महरा चमारलाई श्री जनसेवा प्रा. वि. जगरनाथपुर सिराबाट एकैचोटी रु.१,८५,३६० ।- शिक्षक पदमा तलव भत्ता भुक्तानी गरेको आरोपित कसूरमा यी प्रतिवादीहरू विरेन्द्र महरा चमार र राजेश्वर प्रसाद चौरसियाको संलग्नता देखिन आयो ।<br>**ग.** प्रथमतः नक्कली कागजातका आधारमा शिक्षक पदको तलव भत्ता भुक्तानी भएको तथ्य स्थापित भैसकेको छ । राष्ट्रसेवकले यस प्रकारको भ्रष्टाचारजन्य कार्य गर्दा कुनै सबुत प्रमाण छाड्ने स्थिति सामान्यतया हुँदैन । नक्कली नियुक्ति र सरुवा पत्र नै तयार गरी त्यस्ता कागजातका आधारमा पारिश्रमिक भुक्तानी लिने कार्य सामान्य नभई जोखिमपूर्ण कार्य नै हुन्छ । यस्तो जोखिमको प्रत्यक्ष संरक्षण सम्बन्धित संस्थाका प्रमुख र खर्च लेखे अधिकारी एवं अनुगमन नियमन गर्ने अधिकारीबाट नै सम्भव हुन्छ । प्रतिवादी बीरेन्द्र महरा चमारले यस अदालतमा बयान गर्दा आफूले कुनै रकम दिएको र प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले लिएको तथ्य इन्कारी गरेको भएपनि अनुसन्धान अधिकारी समक्ष रकम लेनदेन भएको तथ्य उल्लेख भएको देखिन्छ। विना फाईदा यस्तो जोखिमपूर्ण कार्य गरिने र गराईने पनि हुँदैन । लगाउमा रहेका ०७६-CR-००८६, ०७६-CR-००८९. ०७६-CR-००९२, ०७६-CR- ०१०३, ०७६-CR- ०१०४, ०७६-CR- ०१०५ ०७६-CR-०१०६ | आरोपपत्र मागदावीमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।<br>ग. प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले अनुसन्धानको क्रममा बयान गर्दा व्यक्ति र कागजातहरु समेत लिइ आउने र आफुलाई सहयोग वापत रकम उपलव्ध गराउने व्यक्ति श्री ने.रा.मा.वि. सेढ्वा विर्ता पर्साका भु.पु.प्रधानाध्यापक महेश यादव र हकिम अन्सारी हुन् भनि खुलाईदिएको देखिन्छ। मुख्य आरोपी राजेश्वर प्रसाद चौरसियाले सनाखत समेत गरिदिइ आफुलाई सहयोग गर्ने व्यक्ति भनि खुलाईदिए अनुसार निज भु.पु.प्रधानाध्यापक महेश प्रसाद यादव र श्री जनसेवा प्रा.वि.जगरनाथपुर सिराका प्रधानाध्यापक हकिम अन्सारी समेतले राजेश्वर प्रसाद चौरसियाबाट नक्कलि तथा गलत कागजातहरु उपलव्ध गरि गराई आफ्नो विद्यालयमा समेतको झुठ्ठा कागजात बनाउन सघाउ पुर्याउने कार्य गरी सोही नक्कलि तथा गलत कागजातहरुका आधारमा प्रतिवादी विरेन्द्र महरा चमारलाई तलव भत्ता भुक्तानी प्राप्त गर्ने गरी निकासा पठाउन तलव भत्ता निकासा सिफारिस गरी गराई निज राजेश्वर प्रसाद चौरसियालाई गैर कानूनी लाभ उपलव्ध गराउने काम गरेको खुल्न आएकोले राष्ट्रसेवक कर्मचारीसंगको मिलेमतोमा गलत तथा नक्कलि कागजातहरुका आधारमा विभिन्न व्यक्तिहरुलाई शिक्षकको रुपमा तलवभत्ता समेत भुक्तानी दिलाउन गैरकानूनी लाभ प्राप्त गर्न प्रतिवादीहरु महेश प्रसाद यादव र हकिम अन्सारीले जगरनाथपुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय शिक्षा शाखाका शिक्षा अधिकृत (वि.नि.) राजेश्वर प्रसाद चौरसियाको सहयोगी मतियारको भूमिका निर्वाह गरेको पुष्टी भै रेहेको अवस्थामा प्रमाण ऐन २०३१ को दफा ९ तथा *अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छुट पाउने जिकीर लिएमा सो कुराको प्रमाण पुर्याउने भार पनि निज उपर नै हुन्छ* भनी सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (ने.का.प २०६७ भाग ५२ अंक ४ निर्णय नं. ८३४०) को मुल्याङ्कन नै नगरी विशेष अदालतबाट प्रतिवादीहरु महेश प्रसाद यादव र हकिम अन्सारीलाई सफाई दिने गरी भएको फैसला त्रुटीपुर्ण रहेको, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | असुलउपर हुन मागदावी लिईएको, **प्रतिवादीहरु महेश प्रसाद यादव र हकिम अन्सारीले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा मतियार हुने कार्य कसूर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादीहरु महेश प्रसाद यादव र हकिम अन्सारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिम रु.१,८५,३६०।-(एक लाख पचासी हजार तिस सय साठी) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन मागदावी लिईएको | लगायतका मुद्दामा आफूले रकम लिएको तथ्य प्रतिवादी राजेश्वर प्रसाद चौरसिया स्वयंले पनि स्वीकार गरेको पाईन्छ । तसर्थ अनुसन्धान अधिकारी समक्षको बयानमा प्रतिवादी राजेश्वर प्रसाद चौरसिया स्वयंले प्रतिवादी विरेन्द्र महरा चमारले दिएको भनी लेखाएको रु.२०,०००। लाई नै रिसवतको बिगो कायम गर्न न्यायोचित हुने देखियो ।<br>**घ.** प्रतिवादी महेश यादव भन्ने महेश प्रसाद यादव श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सेडवा विर्ता पर्साका भु.पू. प्रधानाध्यापक भएको देखिन्छ। निज उपर कर्मचारीसँगको मिलेमतोमा गलत तथा नक्कली कागजातहरूका आधारमा विभिन्न व्यक्तिहरूलाई शिक्षकको रूपमा तलव भत्तासमेत भुक्तानी दिलाउन शिक्षा अधिकृत (विद्यालय निरीक्षक) प्र राजेश्वर प्रसाद चौरसियाको सहयोगी मतियारको भूमिकामा निर्वाह गरेको भन्ने आरोप रहेकोमा यस मुद्दामा प्रसंग उठाईएको दुवै विद्यालयसंग निज सम्बन्धित भएको देखिंदैन। प्रतिवादी वीरेन्द्र महर चमार स्वयंको अनुसन्धान अधिकारी तथा यस अदालत समक्षको बयानबाट पनि निजको संलग्नता खुल्दैन। निजको संलग्नता पुष्टि हुने अन्य मनासिव कारण र आधार समेत मिसिलबाट देखिन आउँदैन । तसर्थ आफ्ना हकमा ईन्कारी बयान गर्ने राजेश्वरप्रसाद चौरसियाको अनुसन्धान अधिकारी समक्षको बयान मात्रको आधारमा यी प्रतिवादीको संलग्नता भएको भन्न मिलेन ।<br>**ङ.** प्रतिवादी हकीम अन्सारी श्री जनसेवा प्राथमिक विद्यालय जगरनाथपुर सिरामा प्रधानाध्यापक भएपनि राहत शिक्षक भएको देखिन्छ। विवादित नियुक्ति पत्र र सरुवा पत्र तयार गर्दा यी प्रतिवादीको यो यसरी भूमिका भएको भन्ने कुनै कागज प्रमाणबाट देखिंदैन । नियुक्ति प्राप्तकर्ता सह प्रतिवादीले पनि निजले उक्त कार्यमा यसरी सहयोग गरेको भनी लेखाएको देखिंदैन। मूल्याङ्कनकर्ता र समन्वयकर्ताको रुपमा रहेका शिक्षा अधिकृत राजेश्वर प्रसाद चौरसियाको संलग्नता पुष्टि भैसकेको छ । निजले नै अनुसन्धान अधिकारी समक्ष बयान गर्दा यी प्रतिवादीले सम्पूर्ण कागजात लिई आई आग्रह गरेको हुँदा सिफारिस गरेको हुँ भनी लेखाएको बाहेक निजको मतियारको रुपमा संलग्नता पुष्टि हुन आउँदैन । | |